# के.आई.सिंह गाउँपालिका
## K I Singh Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

वायल, डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpaschim Province, Nepal


पत्र संख्या: २०८०/०८१
चलानी नम्बर: 236

मिति: २०८०/०७/१३

श्री घरेलु तथा साना उद्योग कार्यालय
राजपुर, डोटी ।

**विषय: सूचना टाँस गरी जानकारी पठाइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. २०८०/०८१ च.नं. २१० मिति २०८०/०७/१२ गतेको प्राप्त पत्रानुसारको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरीएको व्यहोरा अनुरोध छ ।

2080/07/13
पुष्प राज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

राजपुर, डोटी

Phone :- ०९४–४४०११४
Email:- csidbdotirajpur@gmail.cc

प.स. : २०८०।०८१
च.न. : २१०

मिति : २०८०।०७।१२

विषय :– सूचना टाँस गरी जानकारी पठाई दिन हुन बारे ।

श्री डोटी जिल्लाका ९ (नौ) वटै स्थानिय तहहरू ।

प्रस्तुत विषय सम्बन्धमा यस कार्यालयको आ.ब. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८०।०७।१२ गते प्रकाशित प्रशिक्षकको रोष्टरमा सूचिकृत हुने सम्बन्धि सूचना थान १ (एक) यसैपत्र साथ संलग्न राखी पठाईएको छ, उक्त सूचना तहाँको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयलाई पठाई सहयोग गरि दिन हुन अनुरोध छ ।

मोहन सिं कठायत
कार्यालय प्रमुख

website मा

२०८०।०७।१३

के.आई.सिंह गाउँपालिका
बान्नु, डोटी
दर्ता मिति : २०८०।७।१३
दर्ता नं. : २३२

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
**घरेलु तथा साना उद्योग कार्यालय**
राजपुर, डोटी

प.स. : २०८०।०८१
च.न. :

# प्रशिक्षकको रोष्टरमा सूचीकृत हुने सम्बन्धि सूचना

प्रथम पटक सुचना प्रकाशन मिति २०८०।०७।१२

यस कार्यालयको आ.ब. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस जिल्ला भित्रका विभिन्न स्यानमा तपसिल बमोजिमका सिप विकास तालिमहरू संचालन गर्नका लागि सम्बन्धित विषयमा न्युनतम योग्यता भएका विषय विज्ञहरूले प्रशिक्षक तथा सहायक प्रशिक्षक भई काम गर्न चाहने नेपाली नागरीकवाट आफ्नो CTEVT/NSTB को स्किल टेस्ट सम्बन्धि प्रमाण पत्र वा तालिम, अनुभव, उद्योग दर्ता गरेको भए सो प्रमाण पत्र, पान दर्ताको प्रतिलिपि र नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित सूचना प्रकाशन भएको मिति देखि मिति २०८०।०८।०४ गते सम्म कार्यालय समयं भित्र यस कार्यालयमा निवेदन दिई प्रशिक्षकको रोष्टरमा सूचीकृत हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :-

१. कपाल कटिङ्ग
२. मोबाईल मर्मत
३. हाउस वायरिङ्ग
४. दुना टपरी
५. प्लम्बिङ्ग
६. बेत बास तथा निंगालोका सामग्री बनाउने
७. बेसिक ब्युटिसियन
८. टायल तथा मार्वल फिटिङ्ग
९. UPVC झ्यालढोका फिटिङ्ग
१०. मोटरसाईकल तथा गाडी मर्मत
११. कम्प्युटर मर्मत
१२. फ्रिज/एसि/कुलर/पंखा मर्मत
१३. वेल्डिङ्ग
१४. पेन्टिङ्ग सम्बन्धि
१५. मौरी पालन
१६. डल कुसन बनाउने
१७. अचार बनाउने
१८. होजियारी
१९. एड्भान्स सिलाई कटाई
२०. बेसिक कम्प्युटर सिकाई तालिम
२१. आरन सम्बन्धि
२२. बाख्रा/कुखुरा पालन सम्बन्धि

कार्यालय प्रमुख १२

नोट : CTEVT/NSTB बाट स्किल टेष्ट पास गरेका र उद्योग दर्ता गरी संचालन गरेका विज्ञलाई प्राथमिकता दिईनेछ । थप जानकारीका लागि कार्यालयको फोन नं. ०९४-४४०११४ तथा सूचना अधिकारी श्री चन्द्र सिह धामीलाई ९८४८४४०११४ मा सम्पर्क गर्न सकिने छ ।

कार्यालय प्रमुख

फोन नं. : ०९४-४४०११४, ईमेल : csidbdotirajpur@gmail.com